# स्थानीय राजपत्र

**सन्धिखर्क नगरपालिका, अर्घाखाँचीद्वारा प्रकाशित**

**खण्ड ३) सन्धिखर्क नगरपालिका, मिति २०७६/०३/३१ (संख्या २**

## भाग–१

### सन्धिखर्क नगरपालिका, अर्घाखाँची

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम नगरसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**संवत् २०७६ सालको ऐन नं. २**
**ऐनको नाम : सन्धिखर्क नगरपालिकाको विनियोजन ऐन, २०७६**

सभावाट स्विकृत मिति : २०७६।०३।३१

सन्धिखर्क नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावनाः** सन्धिखर्क नगरपालिकाको आर्थिक बर्ष २०७६/०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप–धारा (२) बमोजिम सन्धिखर्क नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"सन्धिखर्क नगरपालिकाको विनियोजन ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७६/०७७ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः** (१) आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च र पूँजिगत खर्चको रकम समेत गरी जम्मा रकम रु. ६६,१९,६७,०००। **(अक्षेरुपी छैसठी करोड उन्नाईस लाख सतसठी हजार रुपैया मात्र)** मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७६/०७७ को निमित्त नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगर स्तरीय आयोजना तथा कार्यक्रम, वडागत आयोजना तथा कार्यक्रम, विषयगत आयोजना तथा कार्यक्रम तर्फ गरिने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तिय व्यवस्थापन तर्फ बिनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

## संञ्चित कोषबाट विनियोजन हुने रकम

आर्थिक वर्ष २०७६/०७७

रु. हजारमा

| क्र. सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| २ | | नगर कार्यपालिका स्तरीय कार्यक्रम | ११६०२०० | १६३७६७ | - | ३२३९६७ |
| ३ | | वडा स्तरीय कार्यक्रम | - | ७७४०० | - | ७७४०० |
| ४ | | विषयगत शाखा | २६०६०० | - | - | २६०६०० |
| ५ | | ऋणको साँवा ब्याज भुक्तानी | - | - | - | - |
| ६ | | लगानी (शेयर/ ऋण) | - | - | - | - |
| | | **जम्मा** | १४२०८०० | २४११६७ | ० | ६६१९६७ |

पारित मितिः २०७६/०३/३१

आज्ञाले

(**जीवन ज्ञवाली**)

प्रमुख प्रशासकीय अधिकृत